# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-६३

# Overview of Weekly Media Study Vol. 63

**नेपाल संवाद केन्द्र**

काठमाडौँ, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com

**PDF पढ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८२ चैत्र २२, आइतबार

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन २०८२ साल चैत्र १६ गतेदेखि चैत्र २२ गतेसम्म प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रकाशित तथा प्रसारित समाचार, विचार, विश्लेषण तथा लेखहरूको गहन अध्ययनपश्चात् तयार गरिएको हो । यस प्रतिवेदनमा उक्त अवधिमा प्रकाशित सकारात्मक, पठनीय तथा रचनात्मक सामग्रीहरू समेटिएका छन् ।

यस अवधिमा नेपालका मिडियाले– गृहमन्त्री सुधन गुरुङले गरे पशुपतिनाथको दर्शन; पाशुपत क्षेत्रको जगेर्ना; सकियो सेतो मच्छिन्द्रनाथको जात्रा; कर्मचारी व्यवस्थापनमा 'बरन्डा संस्कृति'; बहुप्रतिक्षित चलचित्र 'रामायण' को टिजर रिलिज; तातोपानीमा धर्म र संस्कृतिको सङ्गमले बढायो आकर्षण; पुराणमा चिकित्सा र विज्ञान बीज; बौद्धमा तेमाल जात्रा; दैनिक जीवन-व्यवहारमा संस्कृति; धमाधम बन्दैछ बिस्काः जात्राको रथ (तस्बिरहरू); विश्वशान्तिका लागि वज्रगुरु मन्त्रजप; शाक्य बज्राचार्य बृहतसभा हुने; महावीर जैनको २६२५औँ जन्मजयन्तीः सत्य र अहिंसाको सन्देश फैलाउँदै मनाइँदै; पञ्चज्ञानेन्द्रीय, पञ्चतत्व र पाञ्चायन देवताबीचको सम्बन्ध; एक करोडभन्दा बढी लगानीमा प्रभुचेला 'योगध्यान केन्द्र' तयार; पुस्तान्तरणसँगै मौलिक संस्कृति जोगाइँदै; १५ अप्रिलमा घोषित 'अन्तर्राष्ट्रिय आरोग्य दिवस' भव्य बनाउने तयारी; अचुलियन संस्कृति र नेपालः ढुङ्गे औजारबाट प्रागैतिहासिक मानवको खोज; ऐतिहासिक महत्व बोकेको मनमैजु जात्रा सुरु; पुर्ख्यौली संस्कृति जोगाउन नयाँ पुस्ता सक्रिय; मुठीदानबाटै ५ अर्बको विश्व शान्ति धाम बनाउन सुरु गरिएका श्याल्पा रिन्पोछे– १३ वर्षपछि लियो गति; बलियो विद्यालय संस्कृति; सांस्कृतिक पुनर्जागरणः मौलिक जगमा समृद्धिको सपना; चैत २७ गतेदेखि सुरु हुने बिस्केट जात्राको तयारी तीव्र; देवघाट धामः स्वर्गको द्वारमा नर्कको गन्ध; भैरवी साधनाको तपोभूमि; हनुमान जयन्तीको भव्य शोभायात्रा; हेटौँडामा यही चैत्र २६ गतेदेखि मैत्रीय पूजा हुने; लुटिँदै गुठी, मेटिँदै वैभव; मार्चमा भित्रिए १ लाख २० हजारभन्दा बढी पर्यटक; एभरेस्ट-दुधकोशी सांस्कृतिक पदमार्गमा पर्यटकको आकर्षण; दानको भग्न तस्बिर !; पर्यटकको रोजाइमा 'पुरन्धरा झरना'; पर्यटन विकासमा आशा; सरकारी प्राथमिकतामा आरोग्य पर्यटन लगायतका विषयहरू समेटिएका छन् ।

अन्तरदेशीय, कूटनीतिक, लोकतान्त्रिक तथा सामाजिक समाचारतर्फ– भारतीय कूटनीति र दक्षिण एसियाली ऊर्जा संकटको व्यवस्थापन; बेइजिङमा ७० वर्षयता नेपालले पाएको पहिलो महिला कूटनीतिज्ञ; अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा बाल लघुशिविर; विश्वशान्तिको सन्देश तथा 'देश अब त फेरिएला कि !'; १०० बुँदे कार्ययोजनामा कति समेटियो बालेनका बाचा ?; रास्वपाको ऐतिहासिक अग्निपरीक्षा; बालेन सरकारले सेवा प्रवाह र सुशासनका लागि तत्काल गर्नुपर्ने ५० काम; विषय विज्ञताका आधारमा सांसदलाई पनि मन्त्रालयमा खटाउने रास्वपाको तयारी; अर्थमन्त्रीको वाचा– अब निजी क्षेत्रले घुस खुवाउनु र थुनिनु पर्दैन; सुशासन मार्गचित्रः लगानीमैत्री वातावरण सिर्जना प्राथमिकतामा; शक्तिशाली बनाइँदै प्रधानमन्त्री कार्यालय; संविधान संशोधनको तयारी; बेथिति हटाउने मार्गचित्र; काटियोस् नीतिगत भ्रष्टाचारका जरा; 'आमा, म त फर्केर आएँ–खरानीबाट उठेर आएँ'; हिम्मतवालीको हिम्मत; 'त्यो हृदयले देख्ने ठाउँ हो, जहाँ जीवनको अर्थ भेटिन्छ'; इतिहास फेर्ने दौडमा अल्पभाषी बालेन साह लगायतका विषयहरू समेटिएका छन् ।

यस साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनमा समेटिएका विषयवस्तुहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक, सान्दर्भिक तथा रणनीतिक मुद्दाहरूको स्पष्ट, तथ्यपरक तथा व्यवस्थित परिदृश्य प्रस्तुत गरेका छन् । यो प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, पाठक तथा सञ्चारकर्मीहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास लिइएको छ ।

**Date: 2082 Chaitra 22 , Sunday**

## Weekly Media Study Summary– Part 63

This Weekly Media Monitoring Report, presented by Nepal Samwad Kendra, has been prepared after an in-depth study of news, opinions, analyses and articles published and broadcasted in major national daily newspapers, online portals, print and television media from **Chaitra 16 to Chaitra 22, 2082 B.S.** This report includes positive, readable and constructive contents published during the period.

During this period, Nepali media covered topics like *"Home Minister Sudan Gurung's visit to Pashupatinath; Conservation of the Pashupat area; Conclusion of the Seto Machhindranath festival;"veranda culture" in employee management; Teaser release of the much-awaited film Ramayan; Increasing attraction of Tatopani as a confluence of religion and culture; Medical and scientific insights in the Puranas; Temal festival in Buddhist tradition; Culture in daily life and practice; Rapid construction of chariots for the Biska Jatra; Vajraguru mantra chanting for world peace; Upcoming grand assembly of Shakya Bajracharyas; Celebration of the 2625th birth anniversary of Mahavir Jain spreading the message of truth and non-violence; Interrelation among five senses, Five elements and Panchayan deities; Establishment of "Yogdhyan Center" with an investment exceeding one crore; Preservation of indigenous culture through generational transition; Preparations to celebrate the "International Wellness Day" on April 15; Achulean culture in Nepal and prehistoric human discovery through stone tools; Commencement of the historically significant Manmaiju Jatra; Youth engagement in preserving ancestral culture; Progress in the construction of a 5-billion "World Peace Monastery" initiated through small donations by Shyalpa Rinpoche after 13 years; Strong school culture; Cultural renaissance envisioning prosperity on indigenous foundations; Intensified preparations for Bisket Jatra starting from Chaitra 27; Devghat Dham– "the smell of hell at the gateway to heaven"; Bhairavi Sadhana as a sacred ground; grand procession of Hanuman Jayanti; Maitri Puja to be held in Hetauda from Chaitra 26; Decline of Guthi system and loss of heritage; Arrival of over 120,000 tourists in March; Tourist attraction in the Everest–Dudhkoshi cultural trail; Broken image of charity; Purandhara Waterfall as a tourist choice; Hope in tourism development; and Government priority on wellness tourism,"* among other topics.

On international, diplomatic, democratic and social issues – *"Indian diplomacy and management of the South Asian energy crisis; Nepal's first female diplomat in Beijing in 70 years; children's mini-camp at the International Buddhist Center; Message of world peace and "Will the country finally change?"; How much of Balen's promises were included in the 100-point action plan; RSP's historic test; 50 urgent actions needed for service delivery and good governance by the Balen government; RSP's plan to appoint ministers based on expertise; Finance Minister's commitment to eliminate bribery pressure on the private sector; Governance roadmap prioritizing an investment-friendly environment; strengthening the Office of the Prime Minister; Preparation for constitutional amendment; Roadmap to end irregularities; Call to eliminate policy-level corruption; "Mother, I have returned–from the ashes"; courage of a brave woman; "It is a place seen by the heart, where the meaning of life is found"; and Balen Shah in the race to reshape history"* among other issues were included.

The issues included in this Weekly Media Monitoring Report presents a clear, factual and systematic overview of contemporary, relevant and strategic national and international matters. It is believed that this report will serve as a useful reference material for researchers, policymakers, readers and media professionals.

## २०८२ चैत्र १६ गतेदेखि चैत्र २२ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### गृहमन्त्री सुधन गुरुङले गरे पशुपतिनाथको दर्शन

गृहमन्त्री सुधन गुरुङले पशुपतिनाथ मन्दिरको दर्शन गरेका छन् । आज बिहानै उनले पशुपतिनाथ परिसर पुगेर विधिपूर्वक पूजा-अर्चना गर्दै दर्शन गरेका हुन् । दर्शनसँगै उनले मन्दिर क्षेत्रको समग्र अवलोकन पनि गरे । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1903236/home-minister-sudhan-gurung-visits-pashupatinath-temple**

### पाशुपत क्षेत्रको जगेर्ना

भगवान् श्री पशुपतिनाथ पुराणमा वर्णित समस्त ज्योर्तिलिङ्गको शिरका रूपमा प्रसिद्ध हुनुहुन्छ, शिरोभागस्वरूपेण शिवलिङ्ग तदस्ति हि (शिवमहापुराण, शतरुद्रसंहिता, ११।१९) । पुराणोक्त द्वादश(१२) ज्योतिर्लिङ्गहरूमा पशुपतिको गणना नभए पनि शिरोभागको रूपमा महिमा भने सबैभन्दा बढी छ । पशुपतिनाथको सर्वोच्चता यसबाट पनि सिद्ध हुन्छ कि- ज्योतिर्लिङ्गेश्वरलगायत चौँसट्ठी लिङ्गहरू यसका अङ्गका रूपमा रहेका छन् । यी ६४ सिद्धलिङ्गहरू ६४ कला, ६४ योगिनी, ६४ तन्त्र र संस्कृत व्याकरणका ६४ वर्णसँग पनि सम्बद्ध छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198905**

### सकियो सेतो मच्छिन्द्रनाथको जात्रा

काठमाडौँ उपत्यकाका चार लोकेश्वरमध्ये सद्भावका देवताका रूपमा पूजिने सेतो मच्छिन्द्रनाथलाई रथयात्रापछि पुनः मन्दिरमा प्रतिस्थापन गरिएको छ । हिजो (सोमबार) बेलुका रथयात्राको क्रममा लगन पु¥याइएका आर्यावलोकितेश्वरको मूर्तिलाई रथबाट निकालेर खटमा राखी लगन, ज्याबहाल, द्यःलं, यूतुननी, कोहिटी भीमसेनस्थान, मरु, यतखा, नरदेवी, किलागल, भेडासिंह र केलटोल हुँदै मच्छिन्द्रबहाल ल्याई पुनः मन्दिरमा प्रतिस्थापन गरिएको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198881**

### कर्मचारी व्यवस्थापनमा 'बरन्डा संस्कृति'

कर्मचारीयन्त्र सरकारको नीति, सोच, लक्ष्य र योजनालाई नतिजामा परिणत गर्न निर्माण गरिएको प्रशासनिक संरचना हो। यसमा कामको प्रकृतिअनुरूप विभिन्न दर्जाका कर्मचारी रहने व्यवस्था गरिएको हुन्छ। संगठनमा रहने यस्ता कर्मचारीको भर्ना छनोटपूर्वदेखि अवकाशपश्चात्सम्म गरिने कार्यको समष्टिगत स्वरूप कर्मचारी व्यवस्थापन हो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/191833/2026-04-01**

### बहुप्रतिक्षित चलचित्र 'रामायण' को टिजर रिलिज

रणवीर कपुर र यश स्टारर फिल्म 'रामायण' को 'रामा' टिजर रिलिज भएको छ। बहुप्रतिक्षित फिल्मको पहिलो टिजर बिहीबार बिहान 'रामा' नाम दिएर रिलिज गरिएको हो । नितेश तिवारीको निर्देशनमा बनिरहेको यस फिल्मको टिजरलाई लिएर प्रशंसकहरुले धेरै समयदेखि प्रतिक्षा गरिरहेका थिए । बाँकी...

स्रोत : **https://ekantipur.com/entertainment/2026/04/02/teaser-of-the-much-awaited-movie-ramayana-released-28-51.html**

## तातोपानीमा धर्म र संस्कृतिको सङ्गमले बढायो आकर्षण

हिमाली जिल्ला म्याग्दीको बेनी नगरपालिका-४, सिङ्गा तातोपानी कुण्ड क्षेत्र पछिल्लो समय धार्मिक तथा सांस्कृतिक गतिविधिले थप आकर्षण बढाउन थालेको छ। तातोपानी कुण्ड व्यवस्थापन समितिले २०८१ साल साउन महिनाको पहिलो सोमबारदेखि नियमित रूपमा गर्दै आएको सन्ध्या गङ्गा आरती सुरु गरेसँगै यहाँ भक्तजनको आकर्षण उल्लेखनीय रूपमा बढ्दै गएको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/199134**

## पुराणमा चिकित्सा र विज्ञान बीज

अक्षपाद कणादले चेष्टाविहीन अणुका पारस्परिक सम्पर्कबाट द्रव्य, गुण, कर्म, सामान्य, विशेष तथा समवायभावादिका सात पदार्थको उत्पत्ति भएको हो भनेर वैशेषिक दर्शनमा व्यक्त गरेको भेटिन्छ भने सौन्दर्य लहरीमा सृजनात्मक अणुलाई सञ्चय गरेर ब्रह्माले त्रिलोकको सिर्जना गरेको कुरो व्यक्त गरेका छन्। पालनात्मक अणुको संग्रह गरेर लोकपालक विष्णुले लोकलाई पालन गर्दछन् र संहारात्मक अणुका संग्रहबाट शिवले सृजित् जगत्को संहार गर्दछन् भनेको भेटिन्छ :- बाँकी...

स्रोत : **https://ehimalayatimes.com/2026/04/434321/**

## बौद्धमा तेमाल जात्रा

चैत पूर्णिमाको अघिल्लो दिन मनाइने तेमाल जात्रा आज मनाइँदै छ। तामाङ समुदायले दिवङ्गत आत्माको शान्तिको कामना गर्दै चैत्र शुक्ल चतुर्दशीका दिन लामा गुरुद्वारा विशेष पूजापाठ गर्दै बौद्ध चैत्यमा बत्ती बाल्ने गर्छन्। तामाङहरूले परम्परागत रूपमा प्राचीन कालदेखि नै यो जात्रा मनाउँदै आइरहेका छन्। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1902534/teman-jatra-in-buddhism-pictures**

## दैनिक जीवन-व्यवहारमा संस्कृति

संस्कृति बौद्धिक कौतूहल वा जिज्ञासाको विषय मात्र होइन; यो त जीवन जिउने एउटा जीवन्त कला र अविच्छिन्न साधना हो। सांस्कृतिक मूल्य र मान्यताहरूको दार्शनिक ज्ञान प्राप्त गर्नु एउटा पक्ष होला, तर जबसम्म त्यो ज्ञान आचरणमा ढालिँदैन, तबसम्म त्यसले न व्यक्तिलाई सुसंस्कृत बनाउँछ, न त समाजलाई नै उजिल्याउँछ। बाँकी... स्रोत : **https://samwadkhabar.com/news/14042**

## धमाधम बन्दैछ बिस्का : जात्राको रथ, तस्बिरहरू

चैत २७ गतेदेखि सुरु हुने भक्तपुरको प्रसिद्ध 'बिस्का: जात्रा'को तयारी तीव्र रूपमा अघि बढेको छ। जात्राका लागि श्रीभैरवनाथको रथ निर्माण धमाधम निर्माण गरिदैछ। बिस्का: जात्राको लागि तान्त्रिक विधिअनुसार काठ काठको प्यागोडा शैलीको करिब ३५ फिट अग्लो तीन तले श्रीभैरवनाथको रथ निर्माण कार्यका लागि अहिले स्थानीय कालिगडहरू जुटिरहेका छन्। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/554324/biscay-the-chariot-of-the-jatra-is-being-built-in-full-swing-photos**

## विश्वशान्तिका लागि वज्रगुरु मन्त्रजप

विश्वशान्ति तथा मानव एकताको कामनासहित ताप्लेजुङमा आयोजना गरिएको वज्रगुरु मन्त्रजप पूजा सम्पन्न भएको छ। सदरमुकाम फुङलिङ बजारनजिक सुकेटार क्षेत्रमा आयोजना गरिएको तीनदिने मन्त्रजप पूजा सम्पन्न भएको हो । बौद्ध धर्ममा आधारित बृहत् पूजा वज्रगुरु मन्त्रजपको यस पटक सातौँ संस्करण आयोजना गरिएको हो । गएको बिहीबार सुरु भएको मन्त्रजप पूजा विविध धार्मिक गतिविधि गर्दै सम्पन्न भएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198749**

## शाक्य बज्राचार्य बृहतसभा हुने

ललितपुरका शाक्य-बज्राचार्य समुदायले शाक्य बज्राचार्य बृहत जनसभा गर्ने भएका छन् । जनसभा सांस्कृतिक बाजागाजासहित नगर परिक्रमा गरेर चैत १३ गते शुक्रबार ललितपुरमा हुनेछ। कार्यक्रमबारे जानकारी दिन शाक्य बज्राचार्य समाज यल ललितपुरले बुधबार ललितपुरमा आयोजना गरेको पत्रकार सम्मेलनमा कार्यक्रम बिहान ७ बजे ललितपुरको बृहत साइकल ऱ्यालीबाट सुरु हुने जनाइयो । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/Dharma-Saskriti/shakya-bajracharya-grand-assembly-to-be-held-40-39.html**

## महावीर जैनको २६२५औँ जन्मजयन्ती: सत्य र अहिंसाको सन्देश फैलाउँदै मनाइँदै

जीवनभर सत्य, अहिंसा, अपरिग्रह, अस्तेय र ब्रह्मचर्यको सन्देश बाँड्ने महावीर जैनको २६२५औँ जन्मजयन्ती आज विभिन्न कार्यक्रम आयोजना गरी देशभर मनाइँदै छ । इसापूर्व ५९९ मा चैत्र शुक्ल त्रयोदशीका दिन भारतको वैशाली नजिकैको 'कुण्डलग्राम' नामक गाउँमा राजा सिद्धार्थ र रानी त्रिशूलाबाट उनको जन्म भएको थियो । राजपरिवारमा जन्मिए पनि शान्तिको खोजीका लागि महावीर जैन तपस्यामा निस्किएको विभिन्न जैन ग्रन्थमा उल्लेख गरिएको छ । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/mahavir-jain-s-2625th-birth-anniversary-celebrating-by-spreading-the-message-of-truth-and-non-violence-38-82.html**

## पञ्चज्ञानेन्द्रीय, पञ्चतत्व र पाञ्चायन देवताबीचको सम्बन्ध

ज्ञान साधनमिन्द्रीयम् ज्ञानेन्द्रीयम् अर्थात् जीवलाई विषयसम्बन्धी बोध गराउने इन्द्रीयलाई ज्ञानेन्द्रीय भनिन्छ । जसलाई हामी पाँच प्रकारले जान्न सक्दछौं आँखा, कान, नाक, जिब्रो र छाला । पदार्थहरूलाई ज्ञान गर्ने भएकाले ज्ञानेन्द्रीयहरूको भूमिका शरीरमा महत्वपूर्ण रहेको हुन्छ । आँखाले दृश्य शक्तिको ज्ञान गर्ने गर्दछ । बाँकी... स्रोत : **https://www.prabhabonline.com/detail/77103**

## एक करोडभन्दा बढी लगानीमा प्रभुचेला 'योगध्यान केन्द्र' तयार

मालिका गाउँपालिका-७ प्रभुचेला ' योगध्यान केन्द्र'का रूपमा विकास भएको छ । बस्तीदेखि टाढा शान्त र एकान्त वातावरणमा रहेको प्रभुचेलामा भौतिक पूर्वाधार तयार भएपछि तनाव व्यवस्थापनका लागि मानिसहरू 'ध्यान' गर्न आउन थालेका हुन् । बाँकी...

स्रोत : **https://www.nepalpress.com/2026/03/30/708437/prabhuchela-yoga-meditation-center-built-with-an-investment-of-over-rs-10-million/**

## पुस्तान्तरणसँगै मौलिक संस्कृति जोगाइँदै

म्याग्दीका मगर समुदायमा लोपोन्मुख बन्दै गएको पुर्ख्यौली नाचसहित मौलिक संस्कृति संरक्षणका लागि नयाँ पुस्ता सक्रिय हुन थालेका छन् । जिल्लाको विभिन्न गाउँमा पाका पुस्ताले नाच्दै आएको पुर्ख्यौली नाच, सोरठी भाका, मादले-मारुनी र कौरा नाचमा बालबालिका र युवापुस्ताको सहभागिता बढ्न थालेपछि पुस्तान्तरणसँगै मौलिक संस्कृति जोगिने आशा बढेको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/199717**

## १५ अप्रिलमा घोषित 'अन्तर्राष्ट्रिय आरोग्य दिवस' भव्य बनाउने तयारी

१५ अप्रिलमा पहिलो पटक मनाउन लागिएको अन्तर्राष्ट्रिय आरोग्य (वेलनेस) दिवस तयारी तीव्र बनाइएको छ। जसअन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा बिहीबार बसेको उच्चस्तरीय आरोग्य दिवस आयोजक समिति बैठकले अप्रिल १५ (२ वैशाख २०८३) देशभरिका ७ सय ५३ वटै स्थानीय तह र सात प्रदेशमा प्रभावकारी, सहभागितामूलक र दीर्घकालीन प्रभाव पार्ने गरी मनाउने निर्णय गरेको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1903761/preparations-are-underway-to-celebrate-the-international-health-day-declared-on-april-15**

## अचुलियन संस्कृति र नेपाल : ढुङ्गे औजारबाट प्रागैतिहासिक मानवको खोज

हामी जब यी प्राचीन औजारहरूको सही उत्खनन, संरक्षण र विश्लेषण गर्छौं, तब मात्र हामी यो भूमिमा कहिलेदेखि थियौं भन्ने वास्तविक जानकारी पाउन सकिन्छ। अन्यथा, हामी सधैं मिथकमै रुमल्लिइरहनुपर्नेछ । गाउँघरमा आज पनि निकै रोचक किंवदन्ती सुनिन्छ, 'आकाशबाट चट्याङ पर्दा धर्तीमा ढुङ्गे बन्चरो खस्छ ।' कतिपय ठाउँमा यस्ता ढुङ्गे बन्चरालाई 'बज्रढुङ्गा' भनेर जतनपूर्वक सुरक्षित राखिएको पाइन्छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1904909/acheulean-culture-and-nepal-the-discovery-of-prehistoric-humans-through-stone-tools**

## ऐतिहासिक महत्व बोकेको मनमैजु जात्रा सुरु

धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्व बोकेको मनमैजु जात्रा सुरु भएको छ। प्रत्येक वर्षको चैत शुक्ल पूर्णिमाको दिनको अघिल्लो दिनदेखि सुरु हुने पाँचदिने मनमैजु (अजिमा) जात्रा सुरु भएको हो । बालाजुमा लाग्ने जामाचो मेलासँगै मनमैजु जात्रा लाग्ने धार्मिक विश्वास रहेको छ । चैत शुल्क पूर्णिमाको दिन लिच्छविकालिन राजा गुणकाम देवले प्रचलन ल्याएको शक्तिदेवी मनमैजु माईको जात्रा प्रत्येक वर्ष मनाउँदै आइएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/199554**

## पुर्ख्यौली संस्कृति जोगाउन नयाँ पुस्ता सक्रिय

म्याग्दीका मगर समुदायमा लोपोन्मुख बन्दै गएको पुर्ख्यौँली नाचसहित मौलिक संस्कृति संरक्षणमा नयाँ पुस्ता सक्रिय हुन थालेको छ । जिल्लाका विभिन्न गाउँमा पाका पुस्ताले नाच्दै आएको पुर्ख्यौली नाच, सोरठी भाका, मादले-मारुनी र कौरा नाचमा बालबालिका तथा युवापुस्ताको सहभागिता बढ्न थालेपछि पुस्तान्तरणसँगै मौलिक संस्कृति जोगिने आशा बढेको छ । मगर समुदायमा लोकप्रिय पुर्ख्यौली नाच, सोरठी भाका, मादले-मारुनी र कौरा नाच मौलिक कला-संस्कृतिभित्र पर्दछन् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/199471**

## मुठीदानबाटै ५ अर्बको विश्व शान्ति धाम बनाउन सुरिएका श्याल्पा रिन्पोछे, १३ वर्षपछि लियो गति

लुम्बिनीमा मुठी दानबाट ५ अर्ब लगानीमा विश्व शान्ति सार्वभौमिक मन्दिर बनाउने अभियान १३ वर्षसम्म पहिलो तला पनि पूरा भएको छैन । जमिन विवादका कारण लामो समय प्रभावित भएको बताउने बौद्ध धर्म गुरु श्याल्पा तेन्जिन रिन्पोछेले अहिले पुनः काम थालेको जनाएका छन् । लुम्बिनी विकास कोष र अदालती प्रक्रियाले रोकिएकोमा पक्षमा आदेश भएसँगै पुनः गति लिएको उनको भनाइ छ । अमेरिकन संस्थाको नाममा सन् २०१३ मा एक प्लट र २०१७ मा २ प्लट जग्गा सरकारबाट लिएपछि पनि समयमा काम नभएको विकास कोषका अधिकारीको भनाइ छ तर उनले कानुनी प्रक्रियामै ढिलाइ भएकाले समयमा काम नभएको दाबी गरेका छन् । बाँकी...

स्रोत : **https://www.nepalpress.com/2026/04/02/706467/shyalpa-rinpoche-who-started-building-a-5-billion-world-peace-temple-from-a-handful-of-donations-took-off-after-13-years/**

## बलियो विद्यालय संस्कृति

विद्यालय राष्ट्रको शैक्षिक संरचनाको केन्द्र हो । शिक्षाबिना समाज उज्यालो र परिष्कृत बन्न सक्दैन । कुनै पनि देशलाई कमजोर बनाउने सबैभन्दा सजिलो उपाय त्यहाँको शिक्षा प्रणालीलाई कमजोर पार्नु हो भन्ने प्रचलित भनाइ छ । यसले शिक्षाको शक्ति र यसको दूरगामी प्रभावलाई स्पष्ट पार्छ । विद्यालयभित्र देखिने सोच, विश्वास, मूल्य, व्यवहार र आपसी सम्बन्धको समग्र स्वरूप नै विद्यालय संस्कृति हो । यो केवल कक्षाकोठाको पढाइ वा भवन-पूर्वाधारमा सीमित हुँदैन । शिक्षक-विद्यार्थीको सम्बन्ध, नेतृत्वको शैली, अभिभावकको सहभागिता र समुदायसँगको सहकार्यले निर्माण हुने जीवन्त अभ्यास नै वास्तविक विद्यालय संस्कृति हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/199727**

## सांस्कृतिक पुनर्जागरण : मौलिक जगमा समृद्धिको सपना

जब हाम्रा बिर्सिएका प्राचीन गढी र किल्लाहरू भग्नावशेषबाट ब्युँतिएर विश्वका पर्यटकका लागि ज्ञान र कौतूहलको गन्तव्य बन्नेछन्, तब मात्र हाम्रो पहिचानले पूर्णता पाउनेछ । हाम्रो देश भुगोल मात्र नभएर हजारौँ वर्षदेखि निरन्तर विकसित भइरहेको एउटा जीवित सभ्यता हो । उत्तरमा हिमालयको काखदेखि दक्षिणको समथर तराईसम्म फैलिएको हाम्रो विविधतापूर्ण भूगोलमा फरक-फरक जीवनशैली, चिन्तन र संस्कृति जीवित छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1903281/cultural-renaissance-the-dream-of-prosperity-on-a-fundamental-basis**

## चैत २७ गतेदेखि सुरु हुने बिस्केट जात्राको तयारी तीव्र

चैत २७ गते शुक्रबारदेखि सुरु हुने विश्वप्रसिद्ध बिस्केट (बिस्का) जात्राको तयारी तीव्र गतिमा अघि बढेको छ । भक्तपुरमा नौ दिन आठ रातसम्म मनाइने ऐतिहासिक बिस्केट जात्राका लागि भक्तपुरको टौमढीस्थित पाँचतले मन्दिर प्राङ्गणमा भैरव र भद्रकालीको रथ निर्माण भइरहेको छ । प्रत्येक नयाँवर्षमा भक्तपुरवासीले परम्परागत तान्त्रिक विधिअनुसार मनाउने बिस्केट जात्राका लागि भैरव र भद्रकालीको रथ निर्माणको कार्य चैत २६ गतेसम्म सम्पन्न हुने गुठी संस्थान भक्तपुर कार्यालयले जनाएको छ । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/04/03/762306/**

## देवघाट धाम : स्वर्गको द्वारमा नर्कको गन्ध

देवघाट नाम आफैं पूर्ण छ। त्यसैले जीवन बुझ्न देवघाटको दर्शनमा पुग्न लालायित म र हामी जस्ता अनगिन्ती हुन्छन्। त्यतिमात्र होइन जीवनको अन्त्यतिर यसै स्थललाई आश्रयस्थल पनि बनाउन चाहन्छन्। मोक्ष प्राप्ति र जीवनको अन्तिम क्षणको विश्रामस्थलको रूपमा धार्मिक आस्था बोक्ने जो सुकैका लागि एउटा महत्वपूर्ण थलो हो देवघाट । मृत्युपछि गरिने अन्त्येष्टिकर्म देवघाटमा पुऱ्याएर विकसर्जन गर्नु मुक्तिको सफल पक्ष जोसुकैले पनि महसुस गर्दछ। मुक्तिमार्गको अर्थात् स्वर्गको प्रथम द्वारनै यही हो भन्ने धार्मिक ग्रन्थमा उल्लेख गरिएका वर्णन, जनविश्वासकै कारण पनि यो क्षेत्रको गरिमा हाम्रो जीवनमा र मृत्युपछि पनि त्यत्तिकै महत्वको छ। बाँकी... स्रोत : **https://ehimalayatimes.com/2026/04/434975/**

## भैरवी साधनाको तपोभूमि

हिमवत्खण्डमा भनिएको छ- प्राचीनकालदेखि नेपाल साधनाभूमि, तपोभूमि, देवोभूमि, पुण्यभूमिका नामले प्रसिद्ध छ। सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवनी, द्वापरयुगमा मुक्तिसोपान र कलियुगमा नेपाल नामले यो भूमिलाई परिचित गराएको हो । नेपाल धर्मप्राण राष्ट्र हो । प्राचीन, मध्य र आधुनिककालसम्म राजनीतिक, धार्मिकलगायतका शरणार्थीले आश्रय पाएको विषय इतिहासले पुष्टि गरेको छ। बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/199622**

## हनुमान जयन्तीको भव्य शोभायात्रा

बाँकेको नेपालगन्ज उपमहानगरपालिकामा हनुमान जयन्तीको अवसरमा बिहीबार भव्य शोभायात्रा निकालिएको छ । सुन्दरकाण्ड मित्र मण्डल हनुमत गौशाला र त्रिशक्ति मन्दिर नेपालगन्जको संयुक्त आयोजनामा रामभक्त श्री हनुमान जयन्तीको अवसरमा शोभायात्रा निकालिएको हो । विभिन्न प्रकारका झण्डा, ब्यानर र झाँकीसहित निकालिएको शोभायात्रामा ठुलो सङ्ख्यामा भक्तजनको सहभागिता थियो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/199376**

## हेटौँडामा यही चैत्र २६ गतेदेखि मैत्रीय पूजा हुने

बोधि श्रवण धर्म संघ नेपालले यही चैत्र २६ गतेदेखि ३० गतेसम्म मानवलगायत सम्पूर्ण जगतको उद्धार गर्न "विश्वशाान्ति महा मै मैत्री बोधि मार्ग दर्शन/मैत्री धर्म आध्यात्मिक अनुष्ठान कार्यक्रम" हेटौँडाको लोकतान्त्रिक (हुप्रा) चौरमा गर्ने भएको छ। २१औं विश्वशान्ति महा मै मैत्री बोधि मार्ग दर्शन-मैत्री धर्म आध्यात्मिक अनुष्ठान कार्यक्रमले विश्वशान्ति र मैत्री भावपूर्ण विश्व निर्माण र मैत्री शान्तिको सन्देश प्रवाह गर्ने संघले जनाएको छ। बाँकी... स्रोत : **https://nepaltvonline.com/2026/04/176010/**

## 'स्विजरल्यान्डको बाउ' बडिमालिका ! के-के छन् मुख्य आकर्षण ?

नेपाली सेनाले अनेकौं चुनौती छिचोल्दै गत असारमा पुरानो मन्दिर जिर्णोद्वार गर्दै पुरातात्त्विक मापदण्डमा नयाँ मन्दिर निर्माण गरेपछि बडिमालिकाको निकै चर्चा भएको थियो । यसपटक चुनावी प्रचारप्रसारका क्रममा रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहले धनगढीमा आयोजित सभामा 'मान्छेले देशलाई स्विजरल्यान्ड बनाउनुपर्छ भन्छन्, तर स्विजरल्यान्डको बाउ बडिमालिका र त्यसको पराकाष्ठा रामारोशन यहीँ छ भने किन बनाउनु पर्यो स्विजरल्यान्ड ?' भनेपछि बडिमालिकाको चर्चा पुनः चुलियो । बाँकी...
स्रोत : **https://ekantipur.com/feature/2026/04/01/badimalika-the-father-of-switzerland-what-are-the-main-attractions-59-16.html**

## लुटिँदै गुठी, मेटिँदै वैभव

जनकपुरधाममा हजारौं रोपनी गुठीको जग्गा अतिक्रमणमा परेको देखिएको छ । गुठी तथा सार्वजनिक जग्गा अतिक्रमणको समस्याले राष्ट्रिय संकटको रूप लिँदै गएको गम्भीर प्रश्न हो यो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा गठित समितिको प्रतिवेदनअनुसार जनकपुरमा मात्रै २५ वटा गुठीका ९ हजार ८ सय ४६ बिघा १२ कट्ठा सार्वजनिक जग्गा अतिक्रमणमा परेको छ। बाँकी...

स्रोत : **https://www.annapurnapost.com/story/497125/**

## मार्चमा भित्रिए १ लाख २० हजारभन्दा बढी पर्यटक

मार्च २०२६ मा १ लाख २० हजार ५ सय १६ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको तथ्यांक अनुसार मार्चमा दक्षिण एसियाली र अन्य एसियाली देशबाट आउने पर्यटक संख्यामा उल्लेख्य वृद्धि देखिएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1902746/more-than-120000-tourists-entered-in-march**

## एभरेस्ट दुधकोशी सांस्कृतिक पदमार्गमा पर्यटकको आकर्षण

तल्लो सोलुको एभरेस्ट दुधकोशी सांस्कृतिक पदमार्गमा पर्यटकको आकर्षण बढ्न थालेको छ । माप्यदुधकोशी गाउँपालिका स्थानीय सरकार र टानले संयुक्त रूपमा प्रवर्द्धन गरेको भर्जिन पदमार्ग पहिलो वर्षमै विदेशी पर्यटकको रोजाइमा परेको हो। अघिल्लो र यो सिजनमा मात्रै दर्जन बढी देशका समूहहरूले भ्रमण गरेका छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/koshi-pradesh/2026/04/04/tourist-attraction-on-the-everest-dudhkoshi-cultural-trek-03-38.html**

## दानको भग्न तस्बिर !

मानव जीवन केही होइन/यो त दुई दिनको क्षणभङ्गुर मात्रै हो/हामीले सम्पत्ति जोडेर केही हुँदैन/मृत्यु हुँदा हामी जाने खाली हात नै हो-कात्रोमा कसैको पनि खल्ती हुँदैन। हामीले जिउँदो हुँदा गाडी/घोडा/रेल वा हवाईयात्रा जेमा सयर गरे पनि घाट पुग्ने साधन बाँसको 'खट' नै हो । कतिपय अवस्थामा तपाईं-हाम्रो मन मस्तिष्कमा खटको खटपट चलिरहन्छ । यो दुई दिनको रिमझिम/यो तामझाम/यो पैसाको बेफ्वाँक घमण्ड सबै निरर्थक हुन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/199613**

## पर्यटकको रोजाइमा 'पुरन्धरा झरना'

बबई नदीबाट करिब १० मिटर पूर्वमा छ पुरन्धरा झरना । बबई गाउँपालिका- ५ मा पर्ने यो झरना पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बनेको छ। ४५ फिट उचाइबाट झर्ने झरनाको पानी बबई नदीमै मिसिन्छ। झरनाको मनमोहक दृश्यले आन्तरिक पर्यटकको गन्तव्यका रुपमा विकास हुन थालेको हो। पहिले यस झरनाबारे कुनै चासो थिएन। हाल आएर सामाजिक सञ्जालबाट प्रचार हुन थालेपछि दैनिक पर्यटकको भीड लाग्न थालेको छ। बाँकी...

स्रोत:**https://www.sankalpakhabar.com/news/2026/04/02/608887/#:~:text=%E0%A4%AC%E0**

## घलेगाउँमा नवौं स्मार्ट भिलेज गोल्डकप फुटबल प्रतियोगिता

लमजुङको विश्वप्रसिद्ध पर्यटकीय गाउँ घलेगाउँमा नयाँ वर्ष २०८३ को अवसर पारेर नवौँ स्मार्ट भिलेज आमन्त्रित गोल्डकप फुटबल प्रतियोगिता हुने भएको छ । पर्यटन व्यवस्थापन समिति, स्मार्ट भिलेज घलेगाउँद्वारा आयोजित प्रतियोगिता बैशाख १ गतेदेखि सुरु हुने भएको हो । प्रतियोगितामा विभिन्न जिल्लाका चर्चित फुटबल क्लबहरूको सहभागिता रहने आयोजकले जनाएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/199628**

## पर्यटन विकासमा आशा

प्राकृतिक सौन्दर्यले भरिपूर्ण नेपाल सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, जातीय विविधताले समेत पर्यटनमा सम्भावना बोकेको देश हो । विश्वकै उत्कृष्ट तालहरू, हिमाल, धार्मिक तथा ऐतिहासिक सम्पदा मात्र होइन, कृषि पर्यटन, साहसिक पर्यटन र खेल पर्यटनले पनि नेपालको पर्यटन विकासमा महत्वपूर्ण टेवा पुऱ्याइरहेका छन् । मन्दिर, चैत्य, विहार, परम्परागत ठाँटीहरूले उत्तिकै पर्यटनमा सुगन्ध थपेको छ । दिनहुँजसो मनाइने फरक फरक जातजातिका पर्व, संस्कार र रीतिरिवाजले नेपाललाई विश्वमाझ चिनाउन थप सहज भएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/199415**

## घलेगाउँमा नवौं स्मार्ट भिलेज गोल्डकप फुटबल प्रतियोगिता

लमजुङको विश्वप्रसिद्ध पर्यटकीय गाउँ घलेगाउँमा नयाँ वर्ष २०८३ को अवसर पारेर नवौँ स्मार्ट भिलेज आमन्त्रित गोल्डकप फुटबल प्रतियोगिता हुने भएको छ । पर्यटन व्यवस्थापन समिति, स्मार्ट भिलेज घलेगाउँद्वारा आयोजित प्रतियोगिता बैशाख १ गतेदेखि सुरु हुने भएको हो । प्रतियोगितामा विभिन्न जिल्लाका चर्चित फुटबल क्लबहरूको सहभागिता रहने आयोजकले जनाएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/199628**

## बागलुङ मिडिया मेलाको तयारी पूरा, मुख्यमन्त्रीद्वारा उद्घाटन गरिने

आज (शसुक्रबार) देखि बागलुङ बजारमा सुरु हुने बागलुङ मिडिया मेलाको तयारी पूरा भएको छ । मेलाको उदघाटन गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेबाट गरिने भएको छ । नेपाल पत्रकार महासंघ बागलुङको आयोजनामा सुरु हुन लागेको मिडिया मेलाको उद्घाटन गर्न मुख्यमन्त्री पाण्डे बागलुङ आउन लाग्नुभएको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/199405**

## 'कपल बञ्जी' मा रमाउँदै पर्यटक

धरानबाट आएका मनिष श्रेष्ठले आफ्ना साथीहरुसँग मिलेर जोडी बञ्जी गरेर मज्जा लिए । एक एक जनाले मात्रै गर्न मिल्ने बञ्जीलाई 'द क्लिफ'ले दुई जनाले संयुक्त गर्न मिल्ने बनाएपछि श्रेष्ठले साथीसँगै बञ्जी गरेका हुन् ।यसअघि पनि बञ्जी गरेका श्रेष्ठले यो पटक मुस्ताङको कोरला घुमेर फर्केपछि जोडी बञ्जी गरेको सुनाए । अनलाइन मार्फट टिकट काटेर आएका श्रेष्ठले क्लिफको वेबसाइट हेरेर थप जानकारी पाएको बताए । बाँकी...

स्रोत : **https://ekantipur.com/gandaki-pradesh/2026/03/30/tourists-enjoying-couple-bungee-jumping-36-53.html**

## भोजपुर-बेहेर नागबेली सडकको दृश्यले पर्यटक आकर्षित

भोजपुर सदरमुकामबाट कोटडाँडा हुँदै पिखुवा खोला किनारको बेहेरे दोभानसम्म झर्ने नागबेली आकारको सडक यतिबेला आन्तरिक पर्यटकको रोजाइमा पर्दै गएको छ । हरियालीले ढाकिएको पहाडको काखैभरि सर्प बाङ्गोटिङ्गो रूपमा तल झर्दै गएको यो सडकको दृश्यले जो कोहीलाई पनि सहजै आकर्षित गर्ने गर्दछ । भोजपुर नगरपालिका-१२ मा पर्ने यो सडक करिब १३ किलोमिटर लामो रहेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1901668/the-scenic-beauty-of-bhojpur-beher-nagbeli-road-attracts-tourists**

## सरकारी प्राथमिकतामा आरोग्य पर्यटन

नेपालको ऊर्जा संरचनामा अहिले एउटा रोचक विरोधाभास देखिन्छ । आफैँसँग जलविद्युत्का साथै नवीकरणीय ऊर्जाको प्रशस्त सम्भावना हुँदाहुँदै हरेक वर्ष ठूलो परिमाणमा पेट्रोलियम पदार्थ आयात गरिरहनु परेको छ । यद्यपि, पछिल्लो समय वर्षायाममै भए पनि क्रमश : विद्युत् निर्यात गर्ने देशका रूपमा भने स्थापित हुँदै गएको छ । यसलाई सकारात्मक सुरुवात मान्नुपर्छ । ऊर्जा सुरक्षाको दृष्टिकोणबाट यो विषय अत्यन्त महत्त्वपूर्ण छ । बाँकी...

स्रोत : **https://www.urjakhabar.com/news/2203520630**

## रुकुम पूर्वको सुनदहलाई पर्यटन गन्तव्य बनाउने प्रयास सुरु

पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थपलियाले सुनदहलाई 'विशिष्ट भौगोलिक विशेषता बोकेको गन्तव्य' का रूपमा उल्लेख गरे । पुथा उत्तरगंगा गाउँपालिकामा रहेको प्रसिद्ध पर्यटकीय स्थल सुनदह प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण गरिएको वृत्तचित्र (डकुमेन्ट्री) प्रिमियर गरिएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1902158/efforts-have-begun-to-turn-sundaha-east-of-rukum-into-a-tourist-destination**

## भारतीय कूटनीति र दक्षिण एसियाली ऊर्जा संकटको व्यवस्थापन

दक्षिण एसियाली मुलुकहरूमा ऊर्जा निर्भरता अधिक रहेको छ । पश्चिम एसियाली मुलुकमा भइरहेको संग्रामले गर्दा अष्ट्रेलियादेखि फिलिपिनससम्म, नाइजेरीयादेखि जापानसम्म, युरोपदेखि ल्याटिन अमेरिकी मुलुकहरूसम्म ऊर्जाको मूल्य चुलिएको अवस्था छ । अपेक्षाकृत रूपले भारतीय वितरण प्रणालीमा निर्भर रहेका दक्षिण एसियाली मुलुकहरू ऊर्जा संकट कम देखिएको छ । यसका विभिन्न आयाममध्ये भारतको कूटनीतिक सार्मथ्य पनि एक हो । बाँकी... स्रोत : **https://ehimalayatimes.com/2026/04/434657/**

## बेइजिङमा ७० वर्षयता नेपालले पाएको पहिलो महिला कूटनीतिज्ञ

अपर्झट पायो यो वर्ष देशले महिला प्रधानमन्त्री । त्यही अप्रत्यासित परिणामको बाछिटा उछिट्टिँदै उछिट्टिँदै आइपुग्यो बेइजिङसम्म । अहिले महिला प्रधानमन्त्री सुशीला कार्कीले मुलुकका नयाँ प्रधानमन्त्रीलाई जिम्मेवारी सुम्पिएर बिदा भइसकेकी छिन् । तर जेनजी आन्दोलनको फलस्वरूप अरू केही देश जस्तै चीनका लागि नेपालका राजदूत कृष्णप्रसाद ओली पनि फिर्ता भएपछि दूतावासको कार्यवाहक राजदूतको जिम्मेवारी सम्हालिरहेकी छिन् रोशन खनालले । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1902451/nepal-sends-first-female-diplomat-to-beijing-in-70-years**

## अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा बाल लघुशिविर

राजधानीको बुद्धनगरस्थित अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा बालबालिकालाई बुद्धका नैतिक, व्यावहारिक र सामाजिक शिक्षा दिन बाल शिविर सुरु भएको छ । परीक्षापछिको बिदालाई सदुपयोग गर्न केन्द्रले शनिवारदेखि सो शिविर सञ्चालन गरेको हो । आउने र फर्किने दिन गरी सो शिविर सात दिनसम्म सञ्चालन हुने गर्दछ । यसमा गौतम बुद्धले दिएको 'मंगल सूत्र'अन्तर्गत ३८ प्रकारका उन्नतिका लागि नैतिक, व्यावहारिक र सामाजिक ज्ञान सिकाइन्छ । साथै, कर्म र त्यसको फल, बालमनोविज्ञान, चित्त एकाग्रता, मनोबल, समस्या समाधानका सीप, सासको ध्यान र मैत्री भावनाको अभ्यास पनि गराइन्छ । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/04/05/762474/**

## विश्वशान्तिको सन्देश

शान्तिका दूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी आज केवल धार्मिक आस्थाको केन्द्रमा सीमित नरही विश्व समुदायलाई जोड्ने सांस्कृतिक, आध्यात्मिक र कूटनीतिक थलोका रूपमा विकास हुँदै गएको छ । नेपालसहित थाइल्यान्ड, क्याम्बोडिया, भारत, म्यानमार, श्रीलङ्का, चीन, जापान, दक्षिण कोरिया, फ्रान्स, जर्मनी, रुसलगायतका देशले आफ्ना मौलिक वास्तुकला र बौद्ध परम्परा झल्काउने गरी विहार, गुम्बा र ध्यान केन्द्र निर्माण गरेका छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/199589**

## देश अब त फेरिएला कि !

पोर्चुगल युरोपेली मुलुकहरूमध्ये गरिब देशका रूपमा चिनिन्छ, तर यहाँ जे-जति विकास र पद्धति छ, त्यसको केही प्रतिशत मात्र नेपालमा भइदिएको भए हामी जस्ता लाखौं पौरखी नेपालीले विदेसिनु पर्ने थिएन । हामीले जे चाहेका थियौं, त्यो प्राप्त गरेका छौं । साढे तीन दशक लामो सत्ता खिचातानीबाट आक्रान्त नेपालीले सायद म जस्तै सुखको लामो श्वास फेरे होलान् । भोलि के होला भन्ने कुरा अझै स्पष्ट छैन, तैपनि हामी खुसी छौं । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1895291/the-country-has-changed-now**

## १०० बुँदे कार्ययोजनामा कति समेटियो बालेनका बाचा ?

झापा क्षेत्र नम्बर ५ बाट प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित बालेन्द्र (बालेन) शाह यतिबेला सरकारको नेतृत्व गरिरहेका छन् । उनले प्रधानमन्त्रीको पदभार ग्रहण गरेलगत्तै बसेको पहिलो मन्त्रिपरिषद् बैठकले सुशासन, सेवा प्रवाह, पूर्वाधार, स्वास्थ्य र कृषि लगायतका क्षेत्रमा दूरगामी प्रभाव पार्ने १०० वटा कार्ययोजना तर्जुमा गरेको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/553620/how-much-of-balens-promise-was-included-in-the-100-point-action-plan**

## रास्वपाको ऐतिहासिक अग्निपरीक्षा

नेपालको राजनीति अहिले एउटा अभूतपूर्व 'सिफ्ट' र संक्रमणकालबाट गुज्रिरहेको छ। दशकौँदेखि सत्तामा रहेका पुराना दलको कार्यशैलीप्रति जनतामा व्याप्त वितृष्णा र 'डेलिभरी'को हुटहुटीले नयाँ राजनीतिक शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई वैकल्पिक शक्तिबाट मुख्य शक्तिमा रूपान्तरण गरी सिंहदरबारमा स्थापित गराएको छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/191703/2026-03-30**

## बालेन सरकारले सेवा प्रवाह र सुशासनका लागि तत्काल गर्नुपर्ने ५० काम

जनताको अभूतपूर्व आशा, भरोसा र परिवर्तनको तीव्र चाहनाबीच गठन भएको वालेन्द्र शाह (बालेन) नेतृत्वको नयाँ सरकार अहिले ऐतिहासिक परीक्षाको घडीमा उभिएको छ । १३ चैतमा गठन भएको यो सरकार केवल शासन गर्ने होइन, परिणाम दिनुपर्ने सरकारको रूपमा आफूलाई प्रमाणित गर्नुपर्ने दबाबमा छ । प्रधानमन्त्री बालेनले आगामी सय दिनभित्र गर्ने कार्ययोजना सार्वजनिक गर्दै सरकारको प्राथमिकता स्पष्ट पारिसक्नुभएको छ । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/03/30/761427/**

## विषय विज्ञताका आधारमा सांसदलाई पनि मन्त्रालयमा खटाउने रास्वपाको तयारी

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्ना सांसदलाई मन्त्रालयमा खटाउने भएको छ । विषय विज्ञ सांसदलाई सम्बन्धित मन्त्रालयमा खटाउन लागेको हो । 'तयारी भइरहेको हो, खटाइसकेको छैन । गृहकार्य गर्दै छौं,' रास्वपाका प्रवक्ता मनिष झाले भने । सांसद भनेको भविष्यको सम्भावित मन्त्रीसमेत रहेको बताउँदै क्षमता अभिवृद्धिका लागि पनि सहयोग पुग्ने भएकाले मन्त्रालयमा सांसदलाई खटाउन लागेको रास्वपाले जनाएको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1901148/rsp-prepares-to-assign-mps-to-ministries-based-on-subject-matter-experti**

## अर्थमन्त्रीको वाचा- अब निजी क्षेत्रले घुस खुवाउनु र थुनिनु पर्दैन

अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र उद्योग वाणिज्य महासंघका प्रतिनिधिबीच भेटवार्ता भएको छ । उक्त भेटवार्तामा अर्थमन्त्री वाग्लेले अब निजी क्षेत्रले घुस खुवाउन, कामकाजमा लाइन लाग्न र थुनिनु नपर्ने बताएका छन् । 'निजी क्षेत्रले अब दुःख पाउँदैन । हामी तपाईँहरूको सहयात्री हौँ । अब घुस खुवाउन पर्दैन, लाइन लाग्न पर्दैन र निजी क्षेत्रका मानिस थुनिनु पर्दैन' उनले अगाडी भने, 'घुस खान आएको होइन, कसैलाई खान पनि दिन्न । म अर्थतन्त्रको जहाज मोडेर देशलाई नयाँ गतिमा लैजान आएको हुँ । बाँकी... स्रोत : **https://www.nepalpress.com/2026/03/30/708569/finance-minister-tells-private-sector-now-private-sector-will-not-have-to-pay-bribes-or-be-locked-up/**

## सडक ऐनको संशोधन विधेयक पारित

गण्डकी प्रदेशसभाको नवौं अधिवेशनअन्तर्गतको पाँचौं बैठकले गण्डकी प्रदेश सडक ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक पारित गरेको छ । शनिबार भएको बैठकबाट विधेयकमाथि दफावार छलफलपछि विधेयक सर्वसम्मत पारित गरिएको हो । दफावार छलफलका क्रममा उठेका प्रश्नहरूको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री प्रकाशबहादुर केसीले जवाफ दिनुभएको थियो । **https://gorkhapatraonline.com/news/198816**

## सुशासन मार्गचित्र : लगानीमैत्री वातावरण सिर्जना प्राथमिकतामा

सरकारले आइतबार सार्वजनिक गरेको 'सुशासन मार्गचित्र, २०८२' ले औद्योगिक लगानी प्रवर्धन र लगानीमैत्री वातावरण निर्माणलाई प्राथमिकतामा राख्दै व्यापक नीतिगत, कानुनी तथा संरचनागत सुधारका प्रस्ताव अघि सारेको छ । निजी क्षेत्रको नेतृत्वमा आर्थिक वृद्धिको आधार तयार गर्ने लक्ष्यसहित सार्वजनिक गरिएको यो मार्गचित्रले विशेषगरी आन्तरिक तथा बाह्य लगानी परिचालनमा देखिएका अवरोध हटाउने र राज्यको भूमिकालाई नियमनकारीबाट सहजीकर्तामा रूपान्तरण गर्ने सङ्केत दिएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198798**

## शक्तिशाली बनाइँदै प्रधानमन्त्री कार्यालय

सरकारले शासकीय सुधारका लागि शनिबार १०० वटा कार्यसूची सार्वजनिक गरेको छ । यो कार्यसूची कार्यान्वयन भए प्रधानमन्त्रीमा थप शक्ति केन्द्रित हुनेछ । १०० कार्यसूचीमध्ये १३ वटा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको क्षेत्राधिकारसँग सम्बन्धित छन् । जसअन्तर्गत पुराना संरचनाहरू खारेज गर्ने र नयाँ संरचना बनाउने योजना एकसाथ अघि सारिएको छ। संविधान संशोधन बहसको नेतृत्वदेखि भ्रष्टाचार नियन्त्रण, सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति छानबिन जस्ता महत्वपूर्ण राजनीतिक र प्रशासनिक विषय प्रधानमन्त्री मातहत सञ्चालन हुनेछन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1901130/prime-ministers-office-is-being-strengthened**

## सरकारको सुशासन मार्गचित्र : सार्वजनिक निकायहरू खारेज, हस्तान्तरण र गाभिने

सुशासन मार्गचित्र सुझाव समितिले ११ वटा सार्वजनिक निकायलाई खारेज गर्न सुझाव दिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा बनेको १५ सदस्यीय समितिले सार्वजनिक निकायहरूमा खारेज, गाभ्ने र हस्तान्तरण गर्न सकिने पहिचान गरेर सरकारलाई सुझाव दिएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1901576/governments-good-governance-roadmap-dissolution-transfer-and-merger-of-public-bodies**

## सार्वजनिक खरिद ऐन संशोधनको तयारी तीव्र : ३० दिनमै सम्भव होला ?

सरकारले आफ्नो एक सय कार्ययोजना अन्तर्गत 'सार्वजनिक खरिद ऐन' संशोधनको प्रक्रियालाई तीव्रता दिएको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले ऐन संशोधनका लागि आवश्यक गृहकार्य र सरोकारवालाहरूसँगको परामर्शलाई अगाडि बढाएको जनाएको हो । सार्वजनिक खरिद अनुगमन कार्यालयका सहसचिव एवं प्रवक्ता रामप्रसाद आचार्यका अनुसार सरकारको प्राथमिकतामा रहेको यो विषयलाई तोकिएको समयभित्रै सम्पन्न गर्ने गरी काम भइरहेको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/553838/preparations-for-amending-the-public-procurement-act-are-in-full-swing-is-it-possible-within-30-days**

## एकीरकृत ग्रामीण विकास मन्त्रालयको खाँचो

दुईतिहाइ बहुमतनिकट सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को शक्तिशाली सरकारले २५ मन्त्रालयलाई एक-अर्कामा गाभेर १५ वटामा सीमित पार्ने भन्ने सुनिन्छ। सायद समयको चापले होला, प्रधानमन्त्री बालेन्द्र शाहले मन्त्रालय यथावत् राखेर कुनै मन्त्रीलाई दुई-दुईवटा मन्त्रालयको जिम्मेवारी खप्ट्याएका छन्। सायद पछि आवश्यकताअनुसार 'मर्ज' गराउने नीति हुन सक्छ। यसै सिलसिलामा सरकारले यही १३ चैतको निर्णयको हवाला दिँदै शासकीय सुधारसम्बन्धी कार्यसूची प्रकाशमा ल्यायो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/191770/2026-03-31**

## पुराना प्रवृत्तिको अन्त्य, रास्वपा सरकारका लागि ७ बुँदे रोडम्याप

विशेष निर्वाचन परिणामले रास्वपालाई सबैभन्दा ठूलो दलका रूपमा उभ्याउन सफल हुनुमा रविलामिछाने र बालेन्द्र शाह (बालेन) को मुख्य भूमिका रहेको छ। रवि र बालेनजस्ता युवा तथा कानुनको अधीनमा रही काम गर्ने, कसैलाई काखापाखा नगर्ने र 'जेन-जी' जोससहितको नेतृत्वमा सरकार बन्ने सम्भावना देखिएकाले जनताले पुराना पात्र र पुराना प्रवृत्ति दुवैलाई अस्वीकार गरेको स्पष्ट हुन्छ। बाँकी... स्रोत : **https://www.nepalpress.com/2026/03/31/708503/end-of-old-trends-7-point-roadmap-for-rsvp-government/**

## संविधान संशोधनको तयारी

सरकारले संविधान संशोधनको तयारी सुरु गरेको छ। त्यसका लागि सरकारले संविधान संशोधन बहसपत्र तयार गर्न कार्यदल गठन गर्ने निर्णयसमेत गरेको छ। प्रधानमन्त्री बालेन्द्र शाहको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सोमबार बसेको मन्त्रीपरिषद्को बैठकले त्यस्तो निर्णय गरेको हो । सदनमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलको सहभागिता रहने गरी कार्यदल गठन हुने निर्णय भएको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198884**

## बेथिति हटाउने मार्गचित्र

नवगठित बालेन्द्र (बालेन) शाह नेतृत्वको सरकारले पहिलो मन्त्रीपरिषद् बैठकबाट 'शासकीय सुधारका सय बुँदा' सार्वजनिक गरेको छ। सामान्यतः यस्ता नीति-दिशा सरकारको औपचारिक नीति तथा कार्यक्रम वा बजेटमार्फत सार्वजनिक हुने प्रचलन रहँदै आएको छ तर यस पटक सरकार गठनसँगै यति व्यापक र विस्तृत घोषणापत्र आउनु असामान्य मात्र होइन, समकालीन राजनीतिक अभ्यासमा एक प्रकारको प्रयोगका रूपमा पनि देखिएको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198906**

## काटियोस् नीतिगत भ्रष्टाचारका जरा

लामो समयदेखि जरा गाडेर बसेको भ्रष्टाचार, दण्डहीनता र कुशासनप्रति नागरिकमा बढ्दै गएको असन्तुष्टि अहिले परिवर्तनको मागमा परिणत भएको छ। यही पृष्ठभूमिमा बालेन शाहको नेतृत्वप्रतिको भरोसा र राष्ट्रिय स्वतन्त्र पार्टीले अघि सारेको एक सयदिने वाचापत्रले सुशासन, पारदर्शिता र जवाफदेहितालाई केन्द्रमा राखेको पाइन्छ । सबैभन्दा पहिलो जिम्मेवारी भनेको नीतिगत भ्रष्टाचारको कानुनी जरा काट्नु हो। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198907**

## कानुन मन्त्रालयमा फास्ट ट्र्याक डेस्क स्थापना

कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयमा फास्ट ट्र्याक डेस्क स्थापना गरिएको छ। कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले मन्त्रालयसँग सम्बन्धित बुँदा र अन्य कानुनमा गर्नुपर्ने सुधारबारे मन्त्रालयस्तरमा छलफल गरेर मन्त्रालयमा फास्ट ट्र्याक डेस्क समेत स्थापना गरेकी हुन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1901802/fast-track-desk-established-at-the-ministry-of-law**

## ‘आमा म त फर्केर आएँ, खरानीबाट उठेर आएँ’

भवन मात्र होइन भावना पनि ढलेको थियो । अब के होला ? आशंका र असुरक्षाले समाज भयभीत थियो । ‘रे’को भुलभुलैया र भ्रमले समाजलाई अलमलाएको थियो । जे-जे नहुनु थियो, सबै भएको थियो । बेचैनी, निराशा र दुखान्तले हरेकको मन पिरोलिएको थियो । रगतको टाटो सुकेको थिएन, खरानीको थुप्रो सेलाएको थिएन, धुँवाको मुश्लो हराएको थिएन ।कुनै एक्सन थ्रिलर सिनेमाको क्लाइमेक्सजस्तै थियो त्यो त्रासद याम । अनौठो सन्नटा र अनिश्चयको घडीमा सुस्ताएर बस्ने छुट थिएन, प्रहरीलाई । जसोतसो तंग्रिएर उनीहरू सडकमा आउनैपर्थ्यो, छरपस्ट सरसामन हटाउनैपर्थ्यो, हराएका मालमत्ता खोज्नैपर्थ्यो, भग्न संरचनामा पस्नैपर्थ्यो । आफ्नो ड्युटी जो छ, गर्नैपर्थ्यो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1901752/mom-im-back-ive-risen-from-the-ashes**

## शासकीय सुधारका सय कार्यसूची : ‘डिजिटल’ शासन र ‘डेटा गभर्नेन्स’लाई प्राथमिकतामा राख्दै कार्यान्वयन सुरु

सरकारले शासकीय सुधारका एक सय कार्यसूचीमार्फत ‘डिजिटल’ शासन र ‘डेटा गभर्नेन्स’लाई प्राथमिकतामा राख्दै कार्यान्वयन सुरु गरेको छ । मन्त्रिपरिषद्को गत शुक्रबार बसेको पहिलो बैठकले स्वीकृत गरेको कार्यसूची अनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने प्रक्रिया अघि बढाएको छ भने बेटिङ एप बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइसकेको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/198970**

## प्रधानमन्त्री शाहले सांसदहरूसँग किन गर्दैछन् प्रत्यक्ष संवाद ?

दुई दिनयता प्रधानमन्त्री बालेन्द्र शाहले प्रत्यक्ष निर्वाचित सांसदहरूलाई प्रधानमन्त्री कार्यालयमै बोलाएर सुझाव लिइरहेका छन्न । उनले सोमबार र मंगलबार कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशका सांसदहरूसँग छुट्टाछुट्टै भेट र छलफल गरी विकास निर्माण, सुशासनलगायतका विषयमा सुझाव मागेका छन् । प्रधानमन्त्री शाह सातै प्रदेशका सांसदहरूबाट सुझाव लिएर सोहीअनुसार बजेट निर्माण, शासकीय सुधारलगायत विषयमा वृहत योजना बनाउने तयारीमा छन् । बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/03/31/why-is-prime-minister-shah-having-a-direct-dialogue-with-mps-20-51.html**

## एसईई २०८२ : जहाँ परीक्षा, त्यहीँ उत्तरपुस्तिका परीक्षण

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) को उत्तरपुस्तिका परीक्षण सम्बन्धित परीक्षा केन्द्रबाटै गर्ने भएको छ । एक महिना भित्र नतिजा सार्वजनिक गर्ने योजना अनुसार परीक्षा जहाँ भएको हो, त्यहीँबाट उत्तरपुस्तिका परीक्षण गर्न लागिएको हो । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रीमा सस्मित पोखरेल नियुक्त भएपछि एसईईको नतिजा एक महिना भित्र सार्वजनिक गर्न निर्देशन दिएका थिए । ‘नतिजा एक महिनामा सार्वजनिक गर्न मन्त्रालयको निर्देशन छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1902467/see-2082-where-the-exam-is-the-answer-sheet-will-be-checked-there**

## हिम्मतवालीको हिम्मत

महिला भएर समाजमा भोग्नुपर्ने समस्या, महिला भएकै कारणले शैक्षिक योग्यता समेत घर्रामा थन्क्याइदिने पुरुष-सत्तात्मक प्रवृत्ति, प्रेमविवाहपछिको उपेक्षा, जवान छोराको आत्महत्या इत्यादि कुराले पारेको असर जान्न किताब एकपटक पढ्नैपर्छ । यो पुस्तक मेरो जीवनको भोगाइ र अनुभवको इमानदार दस्तावेज हो। आफ्नो जीवन र कलेजबारे लेख्न बसिसकेपछि जीवनका कटु सत्यलाई लुकाउनु बेइमानी हुनेछ भन्ने मलाई लाग्छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1902438/the-courage-of-the-brave**

## दुर्लभ 'नौ मुठ्ठे' गाईको संरक्षण र बजारीकरण गर्न प्रधानमन्त्रीसँग सांसद खनालको ध्यानाकर्षण

रास्वपा सांसद केपी खनालले अछाम जिल्लामा मात्र पाइने दुर्लभ 'नौ मुठ्ठे' गाईको संरक्षणबारे प्रधानमन्त्री बालेन्द्र शाहको ध्यानाकर्षण गराएका छन् । मंगलबार प्रधानमन्त्री शाहले सुदूरपश्चिम प्रदेशका सांसदहरूसँग त्यहाँका समस्या र समाधानका उपायबारे छलफल गरेका थिए । सो क्रममा उनले 'नौ मुठ्ठे' गाइबाट हुने उत्पादनको बजारीकरणका लागि ध्यानाकर्षण पनि गराएका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1902341/mp-khanal-draws-attention-of-pm-to-conservation-and-marketing-of-rare-nau-muthe-cow**

## नोटबन्दी गर्दैनौं : अर्थमन्त्री

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले मुलुकमा नोटबन्दी नगर्ने स्पष्ट पारेका छन् । भ्रष्टाचार नियन्त्रणका लागि पनि नोटबन्दी गर्नुपर्ने आवाज सतहमा आएपछि मन्त्री वाग्लेले त्यो उपयुक्त विकल्प नभएको स्पष्ट पारे । केही नीति निर्माण तहका अधिकारीले पनि नोटबन्दीलाई भ्रष्टाचार नियन्त्रणको विकल्पको रुपमा सुझाउने गरेका थिए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1901997/we-will-not-demonetize-finance-minister**

## फेवातालमा ६५ मिटर बाहिरको जग्गा फुकुवा हुँदै, प्रगति प्रतिवेदन आज प्रधानमन्त्रीलाई बुझाइने

पोखराको प्रमुख पर्यटकीय गन्तव्य फेवातालको दीर्घकालीन संरक्षण र सर्वोच्च अदालतको परमादेश कार्यान्वयनका लागि हालसम्म भएका प्रगति प्रतिवेदन आज प्रधानमन्त्रीलाई बुझाउन लागिएको छ । पर्यटनमन्त्री खडकराज पौडेल (गनेस) मार्फत प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहलाई प्रतिवेदन बुझाउन लागिएको पोखरा महानगरपालिकाका नगर प्रमुख धनराज आचार्यले जानकारी दिए । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/554067/land-65-meters-outside-fewa-lake-is-being-cleared-progress-report-to-be-submitted-to-the-prime-minister-today**

## 'त्यो हृदयले देख्ने ठाउँ हो, जहाँ जीवनको अर्थ भेटिन्छ'

सामान्यतया एक विदेशीलाई नेपालबारे प्रश्न गर्दा आउने अधिकांश उत्तर हो- एउटा सुन्दर हिमाली देश । तर, नर्वेको किसान परिवारमा जन्मिएकी मनोवैज्ञानिक, लेखक र आजीवन यात्री बोर्गहिल्ड बोका लागि भने नेपाल एउटा सुन्दर देशमात्र होइन- शान्ति, प्रेरणा र आत्मिक घर पनि हो । नेपाल पुगेपछि उनले आत्मीयता र अपनत्व मात्र महसुस गर्दिनन् आफ्नै मनभित्र शान्ति पनि पाउँछिन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/554057/it-is-the-place-where-the-heart-sees-where-the-meaning-of-life-is-found**

## नयाँ सरकारको काँधमा उद्योगीको साढे सात अर्बको विद्युत् बक्यौता असुली

अन्तरिम सरकारका तत्कालीन ऊर्जामन्त्री कुलमान घिसिङ बाहिरिएसँगै अन्योलमा परेको उद्योगीको करिब साढे सात अर्बबराबरको विद्युत् बक्यौता असुलीको जिम्मेवारी अब नयाँ सरकारको काँधमा आएको छ। पछिल्लो चार महिनायता उद्योगको विद्युत् बक्यौता असुलीमा कुनै काम अघि बढेको छैन। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/191836/2026-04-01**

## बालेन सरकारको पालामा गेटा मेडिकल विश्वविद्यालयले पाउला त पूर्णता ?

नेपाल सरकारले कैलालीगमा देशकै पहिलो मेडिकल विश्वविद्यालय स्थापना गर्ने निर्णय गरेको दुई वर्ष भयो । २०८० माघ २९ गते मन्त्रिपरिषद् बैठकले कैलालीको गेटामा शहीद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापना र सञ्चालन गर्ने निर्णय गरेको थियो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/554048/will-geta-medical-university-achieve-perfection-under-the-balen-government**

## १०० दिने कार्यसूचीमा छुट्यो १८ अर्ब असुल्ने एजेन्डा

सरकारले सार्वजनिक गरेको सयदिने कार्ययोजनामा राजस्व सुधारका सामान्य कार्यक्रम समेटिए पनि राज्यलाई छली गरेर गुमाइएको १८ अर्ब रुपियाँभन्दा बढी रकम उठाउने विषय भने प्राथमिकतामै नपरेको खुलेको छ । विगत केही वर्षदेखि नक्कली बिजक, न्यून मूल्यांकन, भन्सार छली, मिलेमतोमा कर परीक्षण र अनौपचारिक कारोबारमार्फत राज्यकोषबाट अर्बौं रुपियाँ बाहिरिइरहेका बेला नयाँ सरकारले पनि त्यसलाई फिर्ता ल्याउने स्पष्ट योजना नबनाएको पाइएको हो । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/04/01/761739/**

## अर्थतन्त्र सुदृढीकरणका लागि निजी क्षेत्रसँग हातेमालो गर्न सरकार तयार छ : अर्थमन्त्री वाग्ले

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले नेपाललाई 'गरिखाने मान्छेहरूको देश'का रूपमा चिनाउने गरी अर्थतन्त्रको विकास गरिने बताउनुभएको छ । नेपाल चेम्बर अफ कमर्शका पदाधिकारी तथा पूर्वपदाधिकारीसँग आज भएको भेटमा उहाँले अर्थतन्त्र सुदृढीकरणका लागि निजी क्षेत्रसँग सहकार्य गर्न हातेमालो गर्न सरकार तयार रहेको बताउनुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/199037**

## इतिहास फेर्ने दौडमा अल्पभाषी बालेन साह

'इतिहास भनेको फेरिने चिज हो भाइ बालेन अहिलेसम्म आएको थिएन ।' काठमाडौं महानगरपालिकाका पूर्वप्रमुख, इन्जिनियर तथा र्‍यापर बालेन्द्र साह (बालेन) ले कुनै समय 'र बार्ज र्‍याप ब्याटल' मञ्चमा भनेको यस वाक्यलाई बालेनले अहिले उनले आफ्नै राजनीतिक यात्रामार्फत पुष्टि गरेका छन् । कम बोल्ने तर बोलेका प्रत्येक प्रतिबद्धतालाई व्यवहारमा उतार्ने अद्वितीय क्षमता भएका बालेन्द्र साह अल्पभाषी तर अत्यन्त प्रभावशाली नेतृत्वका रूपमा स्थापित हुँदै आज देशको प्रधानमन्त्रीको जिम्मेवारीमा पुगेका छन् । बाँकी... स्रोत : **https://ehimalayatimes.com/2026/04/434319/**

## राजनीतिको 'पावर सेन्टर' रवितिर 'सिफ्ट'

गत फागुन २१ को प्रतिनिधिसभा निर्वाचनसँगै नेपाली राजनीतिको 'पावर सेन्टर' परिवर्तन भएको छ । दशकौँ राज्य सञ्चालनको केन्द्रमा राज गरेका पुराना नेताहरू चुनावमा पाखा लागेसँगै राजनीतिक 'पावर सेन्टर' नयाँ नेतातिर सरेको हो । चुनावी परिणामले नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'को एकाधिकार तोडिदिएको छ । यसअघि राष्ट्रिय स्तरका हरेक निर्णायक छलफलमा देखिने यी तीन अनुहार अहिले तितरबितर भएका छन् । बाँकी... स्रोत : **https://ehimalayatimes.com/2026/04/434332/**

## विभिन्न प्रदेशका उच्च भूभागमा वर्षा-हिमपात

हाल देशमा पश्चिमी वायुका साथै स्थानीय वायुको प्रभाव रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । यसका कारण बागमती, गण्डकी, कर्णाली, सुदूरपश्चिम र लुम्बिनी प्रदेशलगायत देशका हिमाली तथा पहाडी भू-भागमा साधारणतया बदली रहेको छ भने बाँकी तराई भू-भागमा आंशिक बदली भएको छ । गण्डकी प्रदेशका केही तथा कोशी, बागमती, कर्णाली, सुदूरपश्चिम र लुम्बिनी प्रदेशका हिमाली तथा पहाडी भू-भागका केही स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षा तथा हिमपात भइरहेको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/199054**

## गौतमबुद्ध विमानस्थलको आन्तरिक टर्मिनलमा ब्यागेज ह्यान्डलिङ सिस्टम जडान

रूपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलअन्तर्गत आन्तरिक टर्मिनलमा बुधबारबाट ब्यागेज ह्यान्डलिङ सिस्टम (बीएचएस) सञ्चालनमा ल्याइएको छ । आन्तरिक टर्मिनलको यात्रु आगमन कक्षमा स्वचालित ब्यागेज ह्यान्डलिङ सिस्टम जडान भएपछि यात्रुलाई राहत मिलेको छ । बाँकी... स्रोत : **https://ekantipur.com/business/2026/04/01/baggage-handling-system-installed-at-gautam-buddha-airports-domestic-terminal-34-46.html**

## विद्यार्थीलाई तनाव नदिन १ महिनामै एसईईको नतिजा : शिक्षामन्त्री पोखरेल

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रायले माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा १ महिनाभित्र सार्वजनिक गर्न राष्ट्रिय परीक्षा बोर्डलाई निर्देशन दियो । प्रधानमन्त्री बालेन शाहसँग परामर्श गरेर शिक्षा मन्त्रालयले बोर्डलाई निर्देशन दिएको थियो । सोही अनुसार बोर्डले १ महिनाभित्र नतिजा निकाल्न परीक्षा केन्द्रबाट नै उत्तरपुस्तिका परीक्षण गर्ने निर्णय गर्‍यो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1902649/see-results-to-be-released-within-a-month-to-avoid-stress-for-students-education-minister-**

## छोराछोरीलाई निःशुल्क शिक्षा भए सशस्त्रमा जागिर छाड्ने कम हुन्थे : महानिरीक्षक अर्याल

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरीका परिवार तथा बालबच्चाको शिक्षा र स्वास्थ्य सरकारले निःशुल्क गरिदिए जागिर छाड्नेको संख्या कम हुने बताएका छन् । स्वयम्भूस्थित सशस्त्र प्रहरीको प्रधान कार्यालय निरीक्षण गर्न बुधबार पुगेका गृहमन्त्री सुधन गुरुङसँग अर्यालले यस्तो बताएका हुन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1902732/if-children-had-free-education-fewer-people-would-have-left-the-armed-forces-inspector-general-aryal**

## ऊर्जामन्त्री श्रेष्ठद्वारा सुशासन एकाइ गठन, कार्यसम्पादन अनुगमन कडा बनाइने

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठले मन्त्रालयको कार्यसम्पादनलाई थप चुस्त, पारदर्शी र नतिजामुखी बनाउने लक्ष्यसहित 'सुशासन एकाइ' गठन गर्नु भएको छ।सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा सम्बन्धित नियमावलीको व्यवस्था र नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार उक्त एकाइ स्थापना गरिएको हो । उक्त एकाइले मन्त्रालय तथा मातहतका निकायहरूमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनको नियमित अनुगमन र मूल्याङ्कन गर्नेछ ।बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/04/01/761852/**

## सुरक्षाकर्मीको शिक्षा र स्वास्थ्य निःशुल्क गरिदिन सशस्त्र महानिरीक्षक अर्यालको सरकारलाई अनुरोध

सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्यालले सुरक्षाकर्मीलाई राज्यले शिक्षा र स्वास्थ्य निःशुल्क गरिदिन आग्रह गरेका छन् । विशेष गरी तल्लो तहका सशस्त्र प्रहरी कर्मचारीहरूले तलब सुविधाबाट आफ्नो जीविकोपार्जन गर्नसमेत गाह्रो परेकाले जागिर छाड्ने क्रम बढेको भन्दै सेवा सुविधा बढाउन पहल गर्नुपर्ने बताएका हुन् । गृहमन्त्री सुदन गुरुङको मंगलबार सशस्त्र प्रहरी प्रधान कार्यालयमा भएको निरीक्षण कार्यक्रममा उनले संगठनलाई बलियो बनाउन सुविधा बढाउन जरुरी रहेको औंल्याएका हुन् । बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/191865/2026-04-01**

## एसईईको उत्साह

देशभर माध्यमिक शिक्षा परीक्षा (एसईई) आज सुरु भएको छ । परीक्षामा २ लाख ५७ हजार ६ सय १३ छात्रा, २ लाख ५४ हजार ८ सय १ छात्र र ७ जना अन्य परीक्षार्थी रहेको परीक्षा नियन्त्रक टुकराज अधिकारीले जानकारी दिए। १ हजार ९ सय ६६ परीक्षा केन्द्र तोकिएको छ। केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सहयोगी र सुरक्षाकर्मी गरी परीक्षामा साढे ७३ हजार जनशक्ति परिचालन हुने परीक्षा नियन्त्रक अधिकारीले बताए। बाँकी...

स्रोत :**https://ekantipur.com/Education/2026/04/02/sees-excitement-photos-33-26.html**

## तेस्रो विश्वयुद्धको भूराजनीति

यसरी तेस्रो विश्वयुद्धको भू-राजनीतिक नक्सा पहिलो चरणमा प्रष्ट रूपमा कोरिएको छ । एकध्रुवीय विश्वको पक्षमा संयुक्त राज्य अमेरिका र समग्र पश्चिमा राष्ट्रहरूका साथै उनीहरूका सेवकका रूपमा रहेका सुदूरपूर्वका जापान र दक्षिण कोरिया उभिएका छन् । धेरै विश्लेषकहरूले अहिले तेस्रो विश्वयुद्ध सुरु भइसकेको परिकल्पना अनुसारको अभिव्यक्ति दिइरहेका छन् र उनीहरूका अनुसार, हामी यसको पहिलो चरणमा छौँ । यो कुरा सत्य हो वा होइन भन्ने कुरा निकट भविष्यमै स्पष्ट हुनेछ तर, अहिलेका लागि यस परिकल्पनाको वैधतालाई स्वीकार गर्दै यसको भू-राजनीतिक रूपरेखाको सर्वेक्षण गर्ने प्रयास गरौँ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1903132/the-geopolitics-of-world-war-iii**

## फेवातालको रिपोर्ट प्रधानमन्त्रीलाई पठाइयो

सर्वाधिक चासोका रूपमा रहेको फेवाताल अतिक्रमण सम्बन्धी रिपोर्ट प्रधानमन्त्रीलाई पठाइएको छ । पोखराका मेयर धनराज आचार्यले प्रधानमन्त्री बालेन्द्र शाहलाई हालसम्मको प्रतिवेदन पठाएका हुन् । हालसम्म फेवाताल संरक्षण र मापदण्ड कार्यान्वयनका सन्दर्भमा गरिएका काम समेटेर तयार पारिएको रिपोर्ट पर्यटन मन्त्री खडकराज पौडेल (गनेस) मार्फत प्रधानमन्त्रीलाई पठाइएको मेयर आचार्यले बताए । बाँकी... स्रोत : **https://www.ratopati.com/story/554311/fewa-lake-report-sent-to-the-prime-minister**

## नयाँ निर्वाचित सांसदज्यूहरूलाई पत्र

संघीय संसदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना । यो अवसर सम्मान सँगै ठुलो जिम्मेवारी पनि हो । संघीय संसदको अधिवेशन आजदेखि सुरु हुन गइरहेको छ । संसद् राष्ट्रको नीति निर्माण गर्ने सर्वोच्च संस्था भएकाले तपाईंहरूको भूमिका दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितमा केन्द्रित हुनुपर्छ । नीतिगत निर्णय गर्दा दीर्घकालीन सोच, तथ्यमा आधारित विश्लेषण र पारदर्शितालाई प्राथमिकता दिनु आवश्यक छ । विधेयकहरू गहिरो अध्ययन र जिम्मेवार बहसपछि मात्र पारित हुनुपर्छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/554302/letter-to-newly-elected-mps**

## दोस्रो महिला प्रधानन्यायाधीश बनिन् सपना

सर्वोच्च अदालतकी वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लले बुधबारदेखि कायम मुकायम (कामु) प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्नुभएको छ । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत ६५ वर्षको उमेर हदका कारण मंगलवार अवकाशमा जानुभएको थियो । त्यसपछि वरिष्ठतम न्यायाधीश मल्ल स्वतः कामु प्रधानन्यायाधीश हुनुभएको हो । प्रधानन्यायाधीशको पद रिक्त भएमा सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीशले कायम मुकायम प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्ने संवैधानिक प्रावधान छ । नेपालको संविधानको धारा १२९ को उपधारा (९) मा यससम्बन्धी प्रावधान रहेको छ । बाँकी...
स्रोत : **https://newsofnepal.com/2026/04/02/761941/**

## १५ दिनमा ट्रान्सकिफ्टदेखि एकैदिनमा एनओसीसम्म

निर्देशनहरू
-१५ दिनमा ट्रान्सक्रिफ्ट
-विद्यालय मर्ज र नयाँ व्यवस्थापन
-एक दिनमा एनओसी प्रमाणीकरण
-स्नातक अध्ययन गर्न नागरिकता नचाहिने
-पाठ्यक्रममा नेपाली समाज, संस्कृति, इतिहास र भूगोलसमेत हाम्रो परम्परा र विद्यालय मूल्यसम्बन्धी प्रयोगात्मक परियोजना कार्य बाँकी... स्रोत : **https://newsofnepal.com/2026/04/02/761944/**

## प्रधानमन्त्री शाहलाई रूसका प्रधानमन्त्रीको बधाई

वालेन्द्र शाह नेपालको प्रधानमन्त्री नियुक्त भएकोमा रूसका प्रधानमन्त्री मिखाइल मिशुस्टिनले बधाई दिएका छन् । प्रधानमन्त्री शाहलाई बुधबार एक सन्देश पठाएर रूसी प्रधानमन्त्रीले  रूसको सङ्घीय सरकार तथा व्यक्तिगत रूपम बधाई दिएका हुन् ।सन्देशमा उनले प्रधानमन्त्री शाहको नेतृत्वमा रूस-नेपाल सम्बन्ध मित्रता, आपसी सम्मान र पारस्परिक हित संरक्षणको भावनाअनुसार अझ सुदृढ हुने विश्वास व्यक्त गरेका हुन् ।बाँकी... स्रोत : **https://www.ukeraa.com/news/detail/173168/**

## राजनीतिमा आशाका किरण

नेपाली राजनीतिमा बिपी कोइरालाको वैचारिक निष्ठाले प्रजातन्त्रको भ्रूण रोपियो । गणेशमान सिंहको त्यागले बहुदलीयताको पुनरागमन गरायो । पुष्पकमल दाहाल ‘प्रचण्ड’ को नेतृत्वदायी संवेगले गणतन्त्र प्राप्त भयो । यी सबै घटनाक्रम आफैँमा युगीन उपलब्धि हुन् । इतिहासको यो शृङ्खलाबद्ध उपलब्धिको चाङमा उभिएर आजको वस्तुगत धरातललाई नियाल्दा एउटा नमिठो सत्य ओकल्नै पर्छ कि हामीले केवल व्यवस्था बदल्ने युद्ध जित्यौँ तर अवस्था बदल्ने ‘प्रणाली’ निर्माणको महायज्ञमा नराम्ररी चुक्यौँ । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/199249**

## नयाँ जनादेशसहित बिहीबारदेखि संसद् अधिवेशन सुरू हुँदै

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछिको पहिलो अधिवेशन बिहीबारदेखि सुरू हुँदैछ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले करिब दुई तिहाइ बहुमत प्राप्त गरेपछि सुर“ हुन लागेको यस अधिवेशनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा महत्वका साथ हेरिएको छ। राष्ट्रपति रामचन्द्र पौडेलबाट नेपालको संविधानबमोजिम मन्त्रिपरिषद्को सिफारिसमा सङ्घीय संसद्को दुवै सदनको अधिवेशन बिहीबार दिउँसो २:०० बजेका लागि आह्वान गर्नुभएको छ। बाँकी...
स्रोत : **https://kantipurtv.com/news/2026/04/01/1775030361.html**

## ‘देश र जनताको हितमा काम गर्छु’

रौतहट जिल्लाको निर्वाचन क्षेत्र नं. ३ का प्रतिनिधि सभा सदस्य रवीन्द्र पटेल सक्रिय नेताका रूपमा परिचित हुनुहुन्छ। उहाँ सांसद बन्नुभन्दा अगाडिदेखि नै जिल्लामा विकास, सुशासनका लागि सक्रिय भूमिका निर्वाह गरिरहनुभएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनेर उहाँ प्रतिनिधि सभा निर्वाचनमा फराकिलो मत अन्तरले निर्वाचित हुनुभएको हो। उहाँ प्रतिनिधि सभा सदस्यका लागि दोस्रो पटक उम्मेदवार बन्नुभएको थियो। उहाँले संसदीय राजनीतिमा १८ वर्षदेखि वर्चस्व राखेका आमजनता पार्टीका अध्यक्ष प्रभु साहसहितका नेतालाई पछि पार्दै संसदीय यात्रा तय गर्नुभएको हो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/199284**

## दुईतिहाइको छायामा प्रतिपक्ष : शक्ति सन्तुलनको नयाँ परीक्षा

२१ फागुनको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा १ सय ८२ सिट जितेको छ । रास्वपाको यो जित २०१५ सालमा कांग्रेसले पाएको दुईतिहाइकै हाराहारीमा हो । त्यतिबेला १ सय ९ सदस्यीय सभामा कांग्रेसले ७४ सिट जितेको थियो । २०४७ मा प्रजातन्त्रको पुनर्बहालीपश्चात् भएका सातवटा चुनावमा कुनै पनि दलले यति ठूलो सफलता हात पारेका थिएनन् । संसद्मा भारी बहुमत भएकाले अरू कुनै दलको भर नपरी रास्वपाका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएको छ । बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/03/29/opposition-in-the-shadow-of-two-thirds-a-new-test-of-the-balance-of-power-45-22.html**

## पहुँचका भरमा काठमाडौं बसेका चिकित्सकलाई दरबन्दीमै फर्काइयो, को-कहाँ फर्किए ?

स्वास्थ्य मन्त्रालयले बोल्ड निर्णय गरेको छ । वर्षौंसम्म शक्ति र पहुँजको भरमा सुगममा काज मिलाएर बस्दै आएका स्वास्थ्यकर्मीलाई दरबन्दीमै फकाउने निर्णय गरेको छ। मन्त्रालयले मंगलबार दोस्रो चरणमा थप ७ जना विशेषज्ञ चिकित्सकलाई काज फिर्ता गर्ने निर्णय गरेको हो । यसभन्दा अगाडि पहिलो चरणमा मन्त्रालयले १४ चिकित्सकलाई काज फिर्ता गर्ने निर्णय गरिसकेको छ ।

**https://www.onlinekhabar.com/2026/04/1902699/doctors-who-were-based-in-kathmandu-due-to-accessibility-were-returned-to-their-posts-who-returned-to-where**

## नयाँ पुस्ताको संसद्, परिवर्तनको परीक्षा

जेन-जी विद्रोहको जगमा भएको निर्वाचनपछि गठित नयाँ प्रतिनिधिसभाको पहिलो बैठक बिहीबार बसेको छ। नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरूले शपथ लिएको ठीक एक सातापछि संसद् अधिवेशन सुरु भएको हो। यस पटक संसद्मा राजनीतिक शक्ति सन्तुलन मात्रै नयाँ छैन, सांसदहरू नै अधिकांश नयाँ छन्। ४५ वर्षमुनि उमेर समूहका सांसदको बाहुल्य छ। बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/04/03/new-generation-parliament-a-test-of-change-12-58.html**

## निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन बन्देज

सरकारले सबै प्रकारका विज्ञापन तथा सूचना सरकारी सञ्चारमाध्यमबाट मात्र प्रकाशन तथा प्रसारण गर्न तीनै तहका सरकारी निकायलाई निर्देशन दिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बुधबार सचिवस्तरीय निर्णय गर्दै संघ, प्रदेश र स्थानीय तहका सबै निकायलाई यस्तो परिपत्र गरेको हो । बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/04/03/government-advertising-ban-on-private-media-14-43.html**

## सरकारी पैसा खर्च नगरी फिर्ता हुन सक्छ सहकारीपीडितको निक्षेप

सहकारीका बचतकर्ताको रकम फिर्ता गराउने प्रभावकारी उपकरण निक्षेप फिर्ता सुविधा कोष (डीआरएफएफ) हो । यो सरकारले अनुदान दिएर डुब्न लागेको संस्था बचाउने (बेलआउट) प्याकेज होइन, शुरुमा सरकारले निश्चित कोष उपलब्ध गराएर बचत फिर्ता गराउने, अनि त्यही सहकारीको सम्पत्ति व्यवस्थापन गरी पुनः खातामा रकम फर्काउने रिभल्भिङ कोष हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1903343/how-to-get-the-deposit-of-cooperative-victims-returned-without-spending-government-money**

## दलीय विद्यार्थी सङ्गठन हटाइँदै

सरकारले जारी गरेको शासकीय सुधारसम्बन्धी कार्ययोजना कार्यान्वयनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रक्रिया सुरु गरेको छ। शासकीय सुधारसम्बन्धी कार्ययोजनामा समावेश भएका शिक्षासँग सम्बन्धित विषयलाई कार्यान्वयन गर्न लागिएको मन्त्रालयले जनाएको छ। मन्त्रीपरिषद्ले चैत १३ गते पारित गरेको कार्ययोजनामा शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप अन्त्य गरिने, विद्यार्थीको वास्तविक आवाज नसमेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न ६० दिनभित्र विद्यालय/विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी सङ्गठनका संरचना हटाउने विषयलाई प्राथमिकतामा राखिएको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/199394**

## असमान शक्ति सम्बन्धको अप्रकट अर्थ

भाषाको रूप विकसित नहुन्जेल विचार विनिमय प्रणाली कस्तो थियो होला ? भाषा बेगर जीवन कसरी चल्थ्यो होला ? एउटा अनुमान के छ भने अहिलेको जस्तो बुझ्न सकिने शब्दहरू र तिनीहरूको अर्थपूर्ण संयोजन भएको कुनै व्यवस्थित भाषा त्यसबेला थिएन । गुफाका भित्ताहरूमा चित्रलिपिहरू आविष्कार गर्ने व्यक्ति सम्भवतः विचार विनिमयका संकेतहरू प्रयोग गर्ने पहिलो व्यक्ति थिए । सभ्यता अगाडि बढ्दै जाँदा भाषाका व्यवस्थित रूपहरू विकसित हुँदै गए । बाँकी...

स्रोत : **https://ehimalayatimes.com/2026/04/434977/**

## दलितसँग क्षमायाचना : सरकारको जिम्मेवार कदम

राज्यले दलितविरुद्ध गरेका यस्ता गम्भीर अत्याचार र अपराधको प्रायश्चितसहित औपचारिक रूपमा दलितसँग राज्यले माफी माग्न लागेको हो भने यसलाई राज्यको जिम्मेवार कदमका रूपमा लिनुपर्छ। शाह (बालेन) नेतृत्वको सरकारद्वारा पारित सयबुँदे प्रशासकीय सुधारसम्बन्धी कार्यसूचीमा राज्यले दलितमाथि गरेको विभेदका सम्बन्धमा माफी माग्ने एउटा बुँदा समेटिएको छ। उक्त बुँदामा दलित तथा ऐतिहासिक बहिष्कृत समुदायमाथि राज्य, समाज र संरचनाले अन्याय, विभेद र वञ्चितीकरण गरेको हुँदा औपचारिक रूपमा स्वीकार गर्दै सामाजिक न्याय, समावेशिता र मेलमिलापका लागि १५ दिनभित्र औपचारिक क्षमायाचनासहित सुधारका कार्यक्रम ल्याउने उल्लेख छ। बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/04/03/apology-to-dalits-governments-responsible-step-32-27.html**

## अस्तित्वको मौन व्याकरण

आजको युगमा समयसँग मानिसको सम्बन्ध विचित्र विरोधाभासबाट गुज्रिरहेको छ । हामी व्यस्त छौँ तर सन्तुष्ट छैनौँ । तीव्र गतिमा कुदिरहेका छौँ तर गन्तव्यको पत्तै छैन । समयलाई हामी प्रायः उत्पादकताका आधारमा मापन गरिरहेछौँ, जब कि जीवन-मूल्य यसैमा मात्र सीमित हुनै सक्दैन । जति जति हामी समय बचाउने विधि र प्रविधि अपनाउँदै छौँ उति उति समयको कमी महसुस गरिरहेछौँ । तमाम भौतिक उपलब्धि हासिल गर्दागर्दै पनि दिनहुँ अनेक अन्योल र दुबिधा खेप्न अभिषप्त छौँ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/199620**

## चुम भ्याली : जहाँ मह काढ्न समेत निषेध छ !

हेर्नेकथाले धेरै अगाडि चुम भ्यालीसँग सम्बन्धित धेरै कथाहरू दर्शक माझ ल्याइसकेको थियो । गोरखामा कार्यरत रहेको हिसाबले पनि मलाई चुम भ्याली पुग्न एकदमै मन थियो । मनास्लु हिमाल वरिपरिको सामागाउँ पुगिसकेको म अब गणेश हिमाल वरिपरि पुग्न चाहन्थें । त्यस्तैमा चुनाव अघि फागुनको तेस्रो हप्ता एउटा संयोग जुर्यो । एउटै कार्यालयका हामी चार जना लाग्यौं चुमनुब्री गाउँपालिकामा अवस्थित चुम भ्यालीको यात्रामा । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1904408/chum-valley-where-even-honey-extraction-is-prohibited**

## जब ठेकी-मदानी दोबाटोमा फ्याँकिन्छन...!

पछिल्लो समय नेपालीको जीवनशैली आधुनिकतातिर ह्वात्तै अगाडि बढेको आभास मिल्छ। यसको ज्वलन्त उदाहरण हो एक हप्ताअघि मेरै जन्मथलो रोल्पाको खुंग्रीस्थित हाम्रै घर नजिक सानो बाँझो जमिनमा फ्याँकिएका ठेकी र मदानीको दृश्य। कुनै बखतमा महत्वपूर्ण ठानिएका ती रैथाने उपकरण भनौं वा यन्त्र झन पछि झन हेलामा पर्दै निकम्मा ठानिदै फ्याँक्ने गरेको पाइन्छ। गाउँमा कताकतै गोठ भए पनि त्यहाँ वस्तुभाउ वा चौपाया देखिन्नन्। घरपछि महत्वपूर्ण ठानिएको गोठको कतकतै त नामो निशाना पनि देख्न मुस्किल छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1894228/when-the-contractors-are-thrown-into-the-ditch**

## राष्ट्रनीतिबारे वैकल्पिक दृष्टिकोण

राष्ट्रिय स्वार्थमा स्पष्टता परराष्ट्रनीति निर्माणको महत्वपूर्ण शर्त हो। यो विषय दलविशेषको हुँदैन, साझा हुन्छ। तर, नेपाली सत्ता सञ्चालकहरूले कहिल्यै राष्ट्रिय स्वार्थको साझा बुझाइ निर्माण गरेनन्। विश्वमा भूराजनीतिक तनाव बढिरहेको बेला नेपालमा युगान्तकारी राजनीतिक परिवर्तन भएको छ। नवयुवा विद्रोहपछि सम्पन्न चुनावमा पुराना दललाई कमजोर बनाउँदै नयाँ दलले दुईतिहाइ बहुमत सम्मुखको नतिजा हासिल गरेको छ। परिणामतः नेपालको शासन-सत्ता नयाँ शक्ति-समूहको हातमा गएको छ। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905058/alternative-perspectives-on-national-policy**

## सरकारले प्रतिपक्ष दलका चुनावी प्रतिवद्धता समेट्न कति सम्भव ?

राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले शासकीय सुधारसम्बन्धी कार्यक्रमको एक सय बुँदामा राजनीतिक दलले निर्वाचनका बेला मतदातासमक्ष प्रस्तुत गरेको प्रतिवद्धतालाई संस्थागत गरी परिणामुखी बनाउने नीति लिएको छ। ती कार्यक्रम प्रभावकारी अरुपमा अघि बढाउन साधनस्रोत, जनशक्ति परिचालन र राष्ट्रिय साझा नीति आवश्यक छ। रास्वपाको एकल बहुमतको सरकारले दलहरुले विगतदेखिनै जनतासमक्ष गर्दै आएका प्रतिवद्धताहरु समेटेर राष्ट्रिय नीति तय गर्ने जनाएको छ। बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/03/30/how-likely-is-it-that-the-government-will-fulfill-the-election-promises-of-the-opposition-parties-47-10.html**

## डीपी अर्याल : रास्वपाका संस्थापक अब संसद्को शीर्षासनमा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति डीपी अर्याल  व्यस्थापिकाको सर्वोच्च पद सभामुख बनेका छन्। राज्यका निकायमा पदीय जिम्मेवारी बहन गर्ने व्यक्तिहरूको मर्यादा क्रममा अब अर्याल पाँचौ स्थानमा हुनेछन्। अर्याललाई रास्वपाले सभामुखमा प्रस्ताव गरेको थियो। उक्त प्रस्तावलाई प्रतिनिधिसभाको आइतबारको बैठकले सर्वसम्मत स्वीकृत गर्‍यो। संसद्को सभामुख पदलाई साझा व्यक्तिको रुपमा राख्ने अभ्यास अनुसार अन्य कुनै दलले उम्मेदवारी दिएनन्। त्यसैले उनी निर्विरोध भए। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905318/dp-aryal-the-founder-of-the-rashtriya-swayamsevak-sangh-rss-is-now-at-the-top-of-the-parliament**